# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-३, अंक-४, आ.व.२०८३/८४ श्रावण, २०८३

**कोशी प्रदेश सरकार**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
**विराटनगर, नेपाल**



## सम्पादकीय

प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो श्रावण महिनाको राजस्वमा निकै कमी आएको छ। श्रावण महिनामा संकलन भएको राजस्व भदौ महिनामा बाँडफाँट भई प्रदेश सञ्चित कोषमा दाखिला हुने भएकोले प्रदेशको वास्तविक राजस्व संकलन तालिका (ख) मा देखिएभन्दा बढी रहेको छ।

यस मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन भइरहेको छ। प्रदेशको समग्र आम्दानी र मन्त्रालयगत खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गर्ने गरिएको छ।

सम्पादन तथा प्रकाशन

वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

## कोशी प्रदेशको वर्तमान आर्थिक परिदृश्य

### प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८३/८४ को श्रावण महिनामा जम्मा रु.१ करोड ३९ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.७२ लाख र पूँजीगत खर्च रु.६७ लाख रहेको छ।

तालिका (क) पछिल्लो तीन वर्षको श्रावण महिनाको खर्च स्थिति (रु.लाखमा)

| बजेट शीर्षक/आ.व. | २०८१/८२ श्रावण | २०८२/८३ श्रावण | २०८३/८४ श्रावण |
|---|---|---|---|
| चालु खर्च | १३९६४ | ८१२ | ७२ |
| पूँजीगत खर्च | १४२ | १६ | ६७ |
| स्थानीय तह अनुदान | ० | ० | ० |
| जम्मा खर्च | १४१०६ | ८२८ | १३९ |
| विनियोजनको तुलनामा खर्च % | ४.००% | ०.२०% | ०.०३% |

चालु आ.व.२०८३/८४ मा यस प्रदेशको कुल बजेट रु.४० अर्ब ४४ करोड ९८ लाख रहेको छ। जसमध्ये चालु खर्च रु.१३ अर्ब ९८ करोड ६४ लाख, पूँजीगत खर्च रु.२० अर्ब ७५ करोड ९९ लाख, वित्तीय व्यवस्था रु.१५ करोड र स्थानीय तह अनुदान रु.५ अर्ब ५५ करोड ३६ लाख रहेको छ।

### प्रदेश सरकारको आय

२. आ.व.२०८३/८४ को श्रावण महिनामा प्रदेश सञ्चित कोषमा रु.९ करोड १७ लाख राजस्व दाखिला भएको छ।

तालिका (ख) पछिल्लो तीन वर्षको श्रावण महिनाको आय स्थिति (रु.लाखमा)

| आय शीर्षक | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | राजस्व वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| आन्तरिक राजस्व | १९४२ | १९९३ | ९१७ | -५३.९९ |
| राजस्व बाँडफाँट | ० | ० | ० | |
| संघ अनुदान | ० | ० | ० | |
| जम्मा | १९४२ | १९९३ | ९१७ | -५३.९९ |

चालु आ.व.२०८३/८४ को बजेटको स्रोतमा आन्तरिक राजस्व तर्फ रु.५ अर्ब ५० करोड, संघीय राजस्व बाँडफाँटबाट रु.१२ अर्ब ८७ करोड, वित्तीय समानीकरण अनुदानबाट रु.९ अर्ब १२ करोड, सशर्त अनुदानबाट रु.५ अर्ब ९५ करोड, विशेष अनुदानबाट रु.५५ करोड, समपुरक अनुदानबाट रु.८४ करोड, रोयल्टीबाट रु.४१ करोड, सोझै भुक्तानीबाट रु.२० करोड र नगद मौज्दातबाट रु.५ अर्ब गरी जम्मा र **रू.४० अर्ब ४४ करोड** खर्च व्यहोरिने अनुमान रहेको छ।

## वैदेशिक सहायता

३. चालु आ.व.२०८३/८४ स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट स्वीकृत भई कोशी प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट कार्यान्वयन हुने वैदेशिक अनुदान तथा वैदेशिक ऋण स्रोतबाट संचालन हुने कार्यक्रम तथा आयोजनाको विवरण देहाय अनुसार रहेको छ। यी आयोजना तथा कार्यक्रममा प्राप्त हुने वैदेशिक सहायताको रकम संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त अनुदान अन्तर्गत समावेश रहको छ।

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | विकास साझेदार | आयोजनाको अवधि (AD) | चालु आ.व.को (रु.लाखमा) | भुक्तानी विधि | कार्यान्वयन गर्ने/ सम्बन्धित निकाय |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | दाताको संयुक्त कोष | | ७७१ | शोधभर्ना हुने अनुदान | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | उदय परियोजनाः आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | २०२३-२०२७ | ३७१० | नगद अनुदान र सोझै भुक्तानी अनुदान | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना (NAFHA) | जी ए ऐफ एस पी | २०२२-२०२९ | २९४८ | शोधभर्ना हुने अनुदान र सोधभर्ना हुने ऋण | उद्योग, कृषि तथा सहकारी मन्त्रालय |
| ४. | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | यु एन - जी इ एफ | | १५०४ | नगद अनुदान | पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ५. | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | जि सि एफ / एफ ए ओ | | १५०८ | नगद अनुदान | पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ६. | ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP) | ए डि बी | | ७८९१ | सोधभर्ना हुने ऋण | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ७. | सिंचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (संघ शसर्त अनुदान) | ए डि बी | | ९७६४ | सोधभर्ना हुने ऋण | उद्योग, कृषि तथा सहकारी मन्त्रालय |
| ८. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | स्वीट्जरल्याण्ड-एस डी सी | | ६१४ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| ९. | रोजगार प्रवर्द्धन कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | | १५५ | नगद अनुदान | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय |
| १०. | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (संघ सशर्त अनुदान) | जेफम्याट | | २२ | नगद अनुदान | स्वास्थ्य मन्त्रालय |
| ११. | प्रदेश सहयोग कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | | २००० | सोझै भुक्तानी अनुदान | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १२. | विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि) | एस.इ.एस.पी. | | २४० | शोधभर्ना हुने अनुदान र शो. भ. हुने ऋण | सामाजिक विकास मन्त्रालय |
| १३. | श्रयरोग नियन्त्रण (संघ सशर्त अनुदान) | जेफम्याट | | २५ | नगद अनुदान | स्वास्थ्य मन्त्रालय |
| १४. | एड्स तथा यौन रोग नियन्त्रण (संघ सशर्त अनुदान) | जेफम्याट | | १६ | नगद अनुदान | स्वास्थ्य मन्त्रालय |
| १५. | महामारी रोग नियन्त्रण कार्यक्रम | जेफम्याट | | ५८ | नगद अनुदान | स्वास्थ्य मन्त्रालय |
| | **जम्मा** | | | ३१२२६ | | |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, आ.व.२०८३/८४ को बजेट तथा कार्यक्रम पुस्तिका।*